बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

(कार्यक्षेत्रः सिन्धुली र रामेछाप)

सिन्धुली, नेपाल

## प्रस्ताव आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०९/३०**

पशु सेवा कार्यालय, सिन्धुलीको आर्थिक वर्ष २०८२/८३ मा तपसिलमा उल्लेखित स्वीकृत वार्षिक कार्यक्रमहरु संचालनका लागी यस कार्यालयको कार्यक्षेत्र सिन्धुली र रामेछाप जिल्ला अन्तर्गतका ईच्छुक पशुपालक तथा मत्स्यपालक सहकारी/निजी उद्यमीले यो सूचना प्रकाशित मितिले ९ (नौ) दिन (मितिः२०८२/१०/८) भित्र निम्न कागजात संलग्न राखी पशु सेवा कार्यालय, सिन्धुली वा यस कार्यालय अन्तर्गतको पशु सेवा केन्द्र, मन्थली, रामेछापमा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रकृयामा समावेश गरिने छैन।

तपसिल

| कार्यक्रम नं. | कार्यक्रमको नाम | परिमाण | कार्यालयको प्रति एकाई अधिकतम प्रोत्साहन रकम रु. | आवेदक | न्यूतम मापदण्ड/शर्तहरु |
|---|---|---|---|---|---|
| १ | पशुपालनमा असल अभ्यास प्रवर्दन कार्यक्रम | १५ | ७० हजार | दुग्ध उत्पादक सहकारी संस्था वा निजि फर्म | क) सहकारी संस्था सूचना प्रकाशनको मितिमा स्थापना भएको न्यूनतम एक (१) वर्ष पुरा भई दैनिक न्यूनतम एक सय (१००) लिटर दूध संकलन गरेको हुनु पर्ने<br><br>ख) आवेदक संस्थामा आवद्ध कृषक (निजि फार्मको हकमा समेत) ले दैनिक कम्तिमा आठ (८) लिटर दूध बिक्रि गरेको हुनु पर्ने |
| २ | माछा/मासु पसल सुधार कार्यक्रम | १५ | ७० हजार | माछा/मासु व्यवसायी | क) दैनिक ५० के.जी. माछा/मासु बिक्रि गरिरहेको हुनु पर्ने |
| ३ | करेसा पोखरीमा माछापालन कार्यक्रम | - | ५० हजार | निजि फार्म | क) आफ्नै स्वामित्वमा जग्गा भएकालाई प्राथमिकता दिईने छ। सो नभएमा न्यूनतम ५ वर्ष भाडामा लिएको करार पत्र पेश गर्नु पर्ने<br><br>ख) स्थायी सफा र वर्ष भरि उपलब्ध हुने भरपर्दो पानीको श्रोत हुनु पर्नेछ। |

डा. ध्रुव डि.सी.
वरिष्ठ पशु विकास अधिकृत
(नवौं तह)